# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 14.04.2025

## Birth Anniversary of Bharat Ratan: IPR

देशले आज भारतीय संविधानका निर्माता डा. भीमराव अम्बेडकरको एक सय चौँतिसौँ जन्मजयन्तीमा उहाँलाई श्रद्धाञ्जली अर्पण गऱ्यो। यस अवसरमा देशभरि विभिन्न कार्यक्रम आयोजना गरियो । राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखर, प्रधानमन्त्री नरेन्द्र मोदी र लोकसभा अध्यक्ष ओम बिरलाले आज संसद परिसरमा बाबासाहेबको प्रतिमामा पुष्पहार अर्पण गर्नुभयो। त्यसैगरी, अखिल सिक्किम अनुसूचित जाति कल्याण संघको समन्वयमा समाज कल्याण विभागद्वारा आयोजित डा अम्बेडकरको जन्म जयन्ती आज सिक्किम विधानसभा परिसरमा भव्य रूपमा मनाइयो। कार्यक्रममा राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङ उपस्थित हुनुहुन्थ्यो। राज्यपालले सम्बोधनमा डा अम्बेडकरको योगदानलाई प्रकाश पार्दै, देशमा **'अछूत'** वा अनुसूचितहरूको अधिकार र सशक्तिकरणका लागि डा. अम्बेडकले आफ्नो जीवन समर्पण गरेको उल्लेख गर्नुभयो। कार्यक्रमको प्रारम्भमा राज्यपाल र मुख्यमन्त्री लगायत अन्य विशिष्ट व्यक्तिहरूले डा अम्बेडकरको प्रतिमामा पुष्पहार अर्पण गर्नुभयो। साथै, कार्यक्रममा राज्यपाल श्री माथुरले **भीम चेतना** स्मारिका विमोचन गर्नुभयो।

## CM-SC Bhawan: IPR

भारत रत्न डा. बीआर अम्बेडकरको एक सय चौँतिसौँ जन्मजयन्तीका अवसरमा, मुख्यमन्त्री प्रेमसिङ तामाङले आज गान्तोकको डिभेलपमेन्ट एरियामा अनुसूचित जाति, एससी भवनको उद्घाटन गर्नुभयो। यो भवन अनुसूचित जाति समुदायलाई प्रतिनिधित्व गर्ने प्रतीक मात्र नभई, मुख्यमन्त्रीले सिक्किमको विकासप्रति आफ्नो योगदानलाई विस्तार गरेको सम्मान र मान्यताको प्रमाणको रूपमा पनि लिइएको छ। उहाँले सम्बोधनमा, यस भवनले अनुसूचित जाति समुदायको नाम बोकेको भए पनि, यो सिक्किमको प्रत्येक समुदायको सम्पत्ति हो भन्नुभयो। मुख्यमन्त्रीले न्याय र कल्याण सबै समुदायमा समग्र रूपमा पुग्नैपर्ने आवश्यकतालाई दोहोऱ्याउँदै आउनुभएको छ। उहाँको नेतृत्वमा, उहाँको सरकारले परम्परा र पहिचानको संरक्षणमा मात्र नभई, राज्यभरिका प्रत्येक समुदायको अधिकार र कल्याणको सुरक्षामा पनि ऐतिहासिक कदम चालेको छ। सरकारले सामाजिक एकता सुदृढ गर्न समुदायमा आधारित संस्थाहरूलाई सशक्त बनाएर, सांस्कृतिक संरक्षण नै सामुहिक र दिगो प्रयास हो भन्ने सुनिश्चित गर्दछ। साथै, श्री तामाङको नेतृत्वले सांस्कृतिक रूपमा समृद्ध, समावेशी र एकताबद्ध सिक्किमका लागि बलियो जग खडा गरिरहेको छ।

## BJP Sikkim- Hon'ble Governor-Ambedkar: Party Release

बीजेपी जिल्ला अध्यक्षलका नेतृत्वमा प्रतिनिधिमण्डलले आज राजभवनमा राज्यपाल ओमप्रकाश माथुरसँग भेट गऱ्यो। भेटका क्रममा टोलीले भारतीय जनता पार्टी सिक्किमको छयालिसौँ स्थापना दिवसका अवसरमा

पारित प्रस्तावहरूको प्रतिलिपि बुझायो। यी प्रस्तावहरू विशेष गरी भारतीय संघसँग सिक्किमको एकीकरणको आउँदो 50 औँ वर्षगाँठको सन्दर्भमा अग्रगामी दृष्टिकोणका साथ तयार पारिएका हुन्। प्रतिनिधिमण्डलले राज्यपाललाई सेवा र सम्पर्क अभियानबारे पनि जानकारी गरायो, जुन सिक्किमका जनतालाई केन्द्र सरकारको कल्याणकारी योजनाहरूसँग जोड्ने समावेशीता र सामाजिक कल्याणलाई प्रवर्धन गर्ने उद्देश्यको पहल हो। साथै, टोलीले श्री माथुरलाई राज्यभरि आफ्नो आउटरिच प्रयासहरूका लागि कृतज्ञता पनि व्यक्त गऱ्यो । यसअघि, राज्यभरका बीजेपी सदस्यहरूले भारतीय संविधानका प्रमुख निर्माणकार डा भीमराव अम्बेडकरलाई उहाँको जन्मजयन्तीमा हार्दिक श्रद्धाञ्जली अर्पण गरे।

## The 23rd CMArchery Gold Cup:IPR

कार्थोक आर्चरी फिल्ड पाकिममा जारी २३ औँ मुख्यमन्त्री कम्पाउण्ड आर्चरी गोल्डकपको पाँचौँ दिन आज सिञ्चे माभेरिक्स र जोजो सेभेनबीच प्रतिस्पर्धा भयो। आडतो खेलमा सिञ्चे माभेरिक्स विजय बन्यो। कार्यक्रममा प्रथम महिला आर्चर एवं राज्य च्याम्पियन तथा राष्ट्रिय स्तरकी सहभागी सुश्री रश्मी तामाङलाई सम्मान जनाइयो। आयोजक समितिले यस प्रतियोगितासँगै युवा पुस्तामा स्थानीय खेललाई प्रोत्साहित गर्न काइट फ्लाइङ र डार्ट प्रतियोगिता पनि सञ्चालन गर्दै आएको छ। यो कार्यक्रम नशा मुक्त भारत अभियान र नशा मुक्त सिक्किम अभियान अन्तर्गत सिक्किम राज्यको पचासौँ वर्ष पुगेको सम्झनामा आयोजना गरिएको हो। यसलाई पाकिम जिल्ला आर्चरी संघले जिल्ला प्रशासन केन्द्र पाकिमसँगको समन्वयमा सञ्चालन गरिरहेको छ।

## Weather: M.O Gangtok

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 22.6 डिग्री सेल्सियस र न्यूनतम तापमन 12.3 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 22 डिग्री सेल्सियस र न्यूनतम तापमान 12 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।